# बेनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
२०७३

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०५/०६

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आ.व. २०८०/०८१ का लगि यस बेनी नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने कवाडी कर उठाउन स्थानीय राजश्व परामर्श समितिको सिफारिश तथा नगरसभाको निर्णय बमोजिम तोकिएको दररेट अनुसार ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक फर्म, कम्पनी, व्यक्तिले निम्न शर्तको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आब्हान गरिन्छ ।

१) यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र अद्यावधिक नवीकरण गरेको इजाजतपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता, र आ.व. २०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु १०००(एक हजार रुपैया मात्र) दस्तुर तिरेको सक्कलै नगदी रसिद पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ ।

२) दरभाउपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १२ बजेसम्म यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ । यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३) दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४) दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५) दरभाउपत्रमा न्यूनतम अङ्क भन्दा माथी कबोल गर्नुपर्नेछ । सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्रलाई स्वीकृत गरिनेछ ।

६) दरभाउपत्रदाताले आफूले पेश गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेकको मानिनेछ ।

७) दरभाउपत्रसाथ आफूले कबोल गरेको अङ्कको ५ प्रतिशतले हुने जमानत बापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको खाता नं ०६३०३००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिनसम्म मान्य अवधि भएको ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

८) रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन ।

९) दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र पेश गर्दा अनिवार्य दरभाउपत्र नं खुलाइ सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

१०)यस सूचनामा उल्लेखित कुराहरु बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा वेनी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०८० बमोजिम हुनेछ ।

११) कबाडी कर संकलन गर्दा बेनी नगरपालिकाबाट बाहिर निकासी हुने पुनः प्रयोग तथा पुनः प्रशोधन हुने समानहरुको देहाय बमोजिमको दरमा निकासी कर लिनुपर्नेछ ।

तपसिल

| क.स | कवाडी सामाग्रीहरुको विवरण | प्रति के.जी. दर |
|---|---|---|
| १ | प्राकृतिक तथा कृतिम उनका टुक्रा, गार्मेन्टको कपडाको टुक्रा, टाइर, ट्युव, थोत्रो टिन र पुरानो ड्रम कागज | रु १ |
| २ | जुट र प्लास्टिक बोरा, कार्पेटका टुक्रा,पोलिथिन, पाइप, धातुका टुक्राहरु, प्रयोग भइ काम नलाग्ने भएका धातुका सामानहरु, फलाम लगायतका मेशिनरी औजार समेत, सिसा (लिड) को धुलो वा काचको धुलो र टुक्रा, खाली वोतल सिसा जन्य वस्तुहरु | रु २ |
| ३ | प्रचलित कानूनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुका<br>➢ हाड सींग खुर प्रति के.जि.<br>➢ छाला ठुलो/सानो प्रति गोटा | रु१<br>रु४० |

१२) सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालयसमयभित्र यस नगरपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१३) यस संग सम्बन्धित सूचना बेनी नगरपालिकाको वेबसाइट www.benimun.gov.np मा समेत हेर्न सकिनेछ ।

२०८०।०५।०८

नि. प्रमुख प्रशासकीय अधिकृत